# सोसेक नेपाल
# खरिद समिती

## IPF-SHIELD परियोजना अन्तर्गत  स्वास्थ्य उपकरण तथा सामाग्रीहरु खरिदका लागि

## दरभाउपत्र

**प्याकेज १:**

समुह क :   **Anthropometric materials**

जारि गर्ने

# सोसेक नेपाल खरिद समिति, दैलेख

आधिकारिक हस्ताक्षर: ...............................

मिति: २०८२ माघ २७ गते

१. दरभाउपत्र आव्हानको सूचना

# सोसेक नेपाल

# खरिद समिति दैलेख

## स्वास्थ्य उपकरण तथा सामाग्रीहरुको

## दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित सुचना मिति २०८२ साल माघ महिनाको २७ गते

सोसेक नेपाल, नेपालको ग्रामीण समुदायमा बसोबास गर्ने पिछडिएका तथा पछाडि पारिएका नागरिकको सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्थाको वृहत्तर सुधारका लागि मुनाफा रहित सेवा प्रदायक संस्थाको रूपमा २०५४ सालमा स्थापना भएको सामाजिक संस्था हो । यस संस्थाले कर्णाली प्रदेश लगायत सुदुर पश्चिम तथा लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका ग्रामीण समुदायमा बसोबास गर्ने पिछडिएका समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिमा सुधारका लागि विभिन्न निकायको सहकार्य र सहयोगमा विभिन्न परियोजना कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ । संस्थाले लक्षित समुदायका लागी विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ । **क) असमानता विरुद्ध, ख) उत्थानशिल जिबिकोपार्जन, ग) सुरक्षा र जिबन रक्षा, घ) खानेपानी तथा पोषण, ङ) समावेशी र अनौपचारिक शिक्षा र च) बाल समृद्धि साथै महिला तथा बालबालिकाको संरक्षण सुरक्षा र भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलताको** नीति अबलम्बन गर्दै आइरहेको छ

१. यस संस्थाको खरिद समितिको मिति **२०८२ साल माघ २२** गतेको निर्णनुसार यस संस्थाको IPF-SHIELD परियोजना अन्तर्गत **स्वास्थ्य सामाग्री** खरीद गर्नुपर्ने भएकोले ईच्छुक **सप्लायर्सबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८२ माघ २७ देखी फाल्गुन ०४ गते** भित्र संस्थामा आवश्यक कागजात र दरभाउ सहित वा सस्थाको इमेल procurement@sosec.org.np मा password राखी, संस्थाबाट उपलब्ध फारामहरु भरि पेश गर्नका लागी यो सुचना प्रकाशन तथा प्रशारण गरिएको छ ।

स्थान: सोसेक नेपाल, केन्द्रीय कार्यालय नारायण, दैलेखको कार्यालय

दरभाउपत्र दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

**दरभाउ पेश गर्दा पालना गर्नुपर्ने शर्तहरुः**

१. सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी भैई सोसेक नेपालको कर्मचारीले सामाग्री चेकजांच र प्राप्त गरे पछि मात्र आपूर्तिकर्तालाई भुक्तानी गरिने छ ।

२. दर्ता भएका दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस **सोसेक नेपाल खरिद समिति,** दैलेखमा सुरक्षित रहनेछ ।

३. एक दरभाउपत्रदाताले एक मात्र दरभाउपत्र पेश गर्न सक्नेछ । एक दरभाउपत्रदाताले एक भन्दा बढी दरभाउपत्र पेश गरेमा सो वोलपत्रदाता सहभागी भएको सवै दरभाउपत्रहरु रद्द हुनेछन ।

४. दरभाउपत्र सम्बन्धी सम्पूर्ण कागजपत्रहरुको भाषा नेपाली र अंग्रजी भाषामा हुनेछ ।

५. दरभाउपत्रको मुद्रा नेपाली रुपैयाँ हुनेछ र खरिद सम्झौता बमोजिमका भुक्तानी समेत नेपाली रुपैयाँमा गरिनेछ ।

६. दरभाउपत्रदाताले दरभाउपत्रमा उल्लेख गरेको मूल्य अपरिवर्तनीय रहनेछ । मूल्य परिवर्तन नहुने कुरा सम्झौता बमोजिमको काम सम्पन्न नहुन्जेल सम्मका अवधिका लागि लागु हुनेछ र यस अवधिमा हुने कुनै मुल्य परिवर्तनलाई मानिने छैन ।

७. दरभाउपत्रको प्रत्येक पेजमा नमेटिने मसीले लेखिएको र आधिकारिक व्यक्तिबाट हस्ताक्षर र छाप लगाएको हुनुपर्नेछ ।

दरभाउपत्रमा लेखिएका कुनै दर सच्चाइएको, फेरबदल गरिएको, थपिएको भएमा सो स्थानमा माथि उल्लेखित आधिकारिक हस्ताक्षरीबाट हस्ताक्षर गरी छाप लगाइएको हुनु पर्नेछ।

८. दरभाउपत्र पेश गर्न अघि खामबन्दी गरी लाहाछाप लगाउनु पर्नेछ र खामका वाहिर दरभाउपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भए बमोजिम “समिति वा संयुक्त खरिद समितिको नाम र ठेगाना”, “सामाग्री आपूर्ति सम्बन्धी दरभाउपत्रको प्याकेज नम्बर”, “ दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम र ठेगाना” व्यहोरा उल्लेख गर्नु पर्नेछ।

९. दरभाउपत्रहरुको परीक्षण, मूल्याङ्कन र तुलना, दरभाउपत्रदातासंग माग भएको जानकारी तथा स्वीकृतिको सिफारिस जस्ता प्रक्रियाहरु गोप्य राखिनेछ।

१०. न्यूनतम अंक कबोल गर्ने दरभाउपत्रदाताको योग्यता जाँच गर्दा दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता अनुरुप भएको पाईएमा त्यस्तो दरभाउपत्र न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही दरभाउपत्र मानिनेछ।

११. छनौट भएको दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरी निजलाई कम्तिमा ५ दिन भित्र खरिद सम्झौता गर्नको लागि सूचना दिइने छ। तोकिएको मिति भित्र दरभाउपत्रदाता सम्झौता गर्न नआएमा सो भन्दा पछिको अर्को न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरि निजसंग खरिद सम्झौता गरिने छ।

१२. सक्कल भ्याट विल र सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी पश्चात भुक्तानी गरिनेछ। खरिदकर्ताको सुविधा वा अनुकुलता अनुसार पूर्ण वा आंशिक भुक्तानी गर्न सक्नेछ।

१३. आपूर्तिकर्ताले आपूर्ति गरिने सामाग्रीहरु खरिद सम्झौतामा अन्तिम गन्तब्य भनी उल्लेख भएको स्थानसम्म पुर्‍याउनका लागि पठाउने क्रममा हानी नोक्सानी नहुने र गुणस्तर नबिग्रने गरी उपयुक्त किसिमबाट प्याकिङ्ग गराउनु पर्नेछ।

१४. नेपाल सरकारले लगाएका मूल्य अभिबृद्धि कर बाहेकका सबै किसिमका कर, शुल्क, इजाजत दस्तुर आदिका सम्बन्धमा आपूर्तिकर्ता पूर्ण रुपमा जिम्मेवार हुनेछ।

१५. यो दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने तोकिएको अन्तिम मिति देखि १५० दिन रहने छ।

१६. उल्लेखित सामाग्रीहरु परियोजनाको आबश्यकता अनुसारको परियेजनाको खरिद आदेश अनुसार खरिद गरिनेछ।

## २०. मूल्याङ्कन र योग्यता मापदण्ड

आवश्यक फारम र कागजातहरू प्राविधिक दरभाउपत्रहरूको भाग हुनेछन्।

| क्र.सं. | विवरण | आवश्यकताहरू |
|---|---|---|
| १ | फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि | अनिवार्य |
| २ | मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्रको प्रतिलिपि | अनिवार्य |
| ३ | आ.ब. २०८१/०८२ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा म्याद थपको प्रतिलिपि | अनिवार्य |
| ४ | माग गरिए अनुसार मुल्य सुचीको तालिका | अनिवार्य |

### दरभाउपत्रदाताको जानकारी सम्बन्धी विवरण

(दरभाउपत्रदाताले दरभाउपत्र साथ देहायको विवरण भरी पेश गर्नु पर्नेछ)

**आपूर्तिकर्ता, फर्म वा कम्पनिको**

नामः ..........................................................................

ठेगानाः ..........................................................................

टेलिफोन नम्बरः ..........................................................................

ईमेलः ..........................................................................

**दरभाउपत्रदाताले दरभाउपत्रमा हस्ताक्षर गर्न अधिकार दिएका व्यक्तिको**

नामः ..........................................................................

ठेगानाः ..........................................................................

टेलिफोन नम्बरः ..........................................................................

ईमेलः ..........................................................................

**प्राविधिक विशिष्टीकरण (Technical Specification)**

उपकरण र सामाग्रीहरुको विस्तृत प्राविधिक विवरण यस प्रकार छ: (यो स्पेसिफिकेसन आवश्यकता अनुसार परिवर्तन गर्न सकिने छ)

# सोसेक नेपाल (SOSEC Nepal)

**शिलबन्दी दरभाउपत्र आव्हान फाराम**

| | | | |
|---|---|---|---|
| **खरिद माग नं.** | | **दरभाउपत्र आवहन गरिएको मिति** | **10 Feb 2026** |
| | | **दरभाउपत्र फिर्ता गर्नु पर्ने मिति** | **16 February 2026** |
| | | | |
| **आपुर्तिकर्ताके नामः** | | **दरभाउपत्र फिर्ता गर्नु पर्ने** | **सोसेक, नेपाल नारायण न.पा. १ दैलेख** |
| **सम्पर्क व्यक्ति** | | **सम्पर्क व्यक्ति** | दिपेन्द्र बहादुर शाही |
| **ईमल** | | **ईमल** | procurement@sosec.org.np |
| **फोन** | | **फोन** | **089-410187** |
| फ्याक्स | | फ्याक्स | 089-410187 |
| मोवाईल | | मोवाईल | 9848157019 |
| ठेगाना | | ठेगाना | नारायण न.पा.१, दैलेख । |
| भ्याट/प्यान नम्बर | | **गुनासो तथा सुझावको लागी** | **Toll Free No: 16608942001/9801574888** |
| सामग्री आवश्यक मति | खरिद आदेश प्राप्त भएको १० दिन भत्र | | |
| डे लभरि गर्ने स्थान | नारायण नगरपा लका १ दैलेख | | |
| डे लभरी माध्याम | सप्लायर्स | | |
| भूक्तानीका सर्त | सप्लायर्सद्वारा तोकिएको स्थानमा ढुवानी गरि प्राविधिक द्वारा चेकजाँच भै सामाग्री हस्तान्तरण भएको १५ भित्र | | |

| | | | | | **आपुर्तिकर्ताले भर्नु पर्ने** | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र। सं। | उपकरणरसामग्रीको नाम | एकाई | अनुमानित संख्या (१) | मुद्रा | ब्राण्डरकम्पनिको नाम र स्पे श फकेशन | प्रति एकाई मुल्य (२) | प्रति एकाई मुल्य अक्षरमा | जम्मा मुल्य (१८२) |
| 1 | **Height Measuring Board, wooden height board, Unit of measure: centimeter, Smallest graduation: 0.1cm. Measurement range: 0-120cm. Accuracy: ±0.2cm, Precision: ±0.2cm,** | **Nos** | **19** | NPR | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **Width of the board: ca. 25cm.** | | | | | | | |
| **2** | **Digital Weighing Scale, Capacity: 550 lbs / 250 kg Graduation Weight: 100 g < 150 kg > 200 g / 0.2 lbs < 330 lbs > 0.5 lbs Weight: 9.3 lbs / 4.2 kg Power supply: Batteries Dimensions: 321 x 60 x 356 mm / 12.6 x 2.4 x 14 inch / 11.3 x 2.4 x 10.9 inch dimensions platform Functions: kg/lbs switch-over / Automatic switch-off / Mobile measuring / Mother/child-function / Tap-on function** | **Nos** | **21** | NPR | | | | |
| **3** | **Salter weighing scale, Color - white, Capacity-20Kg, Accuracy-10G, Display-Lcd, Battery-Alkaline, Dimensions-30 X 28.5 X 6 Cm, Warranty-2 Years, Material-Plastic & Features-Accurate Weighing, Easy To Use, Durable Design, Large Display, Safe For Baby, Versatile Use, Affordable Price** | **Unit** | **19** | NPR | | | | |
| **4** | **MUAC Tape,<br>MUAC measuring tape is suitable for measuring child's Middle Upper Arm Circumference<br>(MUAC)with range up to 26.5 cm. Graduated with 1 mm precision with thicker line at 21.0 cm. Accuracy: ± 1 mm of the maximum measurement (26.5 cm) Front side: Color-coded as follows: Red (Pantone code 1795 C): from 0 to 11.5 cm, Yellow (Pantone code 107 C) from 11.5 to 12.5 cm, Green (Pantone code 369 C) from 12.5 to 26.5 cm. Optionally includes UNICEF logo in pantone Cyan Process R56 /G142 / B199 (at UNICEF's request)** | **pcs** | **60** | NPR | | | | |
| | | | | | | | जम्मा रकम | |
| *Note: Selection Criteria : Price-70% , Lead Time:10% and Speciation and quality: 20%* | | | | भ्याट र बि क्र कर (यदि छ भने) | | | | |
| | | | | डेलीभरी शुल्क ( यदि छ भने) | | | | |
| | | | | अन्य शुल्क ( यदि छ भने) | | | | |
| | | | | जम्मा | | | | |
| | | | | छुट प्रतिशत ( यदि छुट दिने भए ) | | | | |
| | | | | छुट पछिको जम्मा | | | | |
| उपकरण र सामग्री अर्डर गरेको मितिले | | | | | | | | |

| | | |
|---|---|---|
| उपकरण र सामग्री उपलव्ध गराउन सक्ने | | |
| अबधी (दिन हप्ता महिना उल्लेख गर्ने) | | |
| आपुतीकर्ता सम्ब ध अन्य थप सुचना | | |
| **आपुर्तिकर्ताको स्वीकृती** | | **आपुर्तिकर्ताको छाप** |
| नामः | | |
| पदः | | |
| दस्तखतः | | |
| मतिः | | |

कुल जम्मा रकम अक्षरमा: ............. ........................................................................ ........................................

...................................... ...................................... ...................................... ......................................

...................................... ...................................... ...................................... ......................................

हस्ताक्षर:..................................
हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति वा प्रतिनिधिको नाम: ..............................
पद .......... ......................
फर्म, संस्था वा कम्पनीको नाम: .................................
फर्म, संस्था वा कम्पनीको छाप:........................

**नोट :** (उपकरण र सामाग्रीको दर प्रस्ताव गर्दा तोकिएको स्थान सम्मको ढुवानी, लोडिङ, अनलोडिङ, वीमा सहित सम्पुर्ण लागत समावेस गरिएको हुनु पर्ने छ)

## सोसेक नेपाल

## बालसंरक्षण नीति २०७०

*बालबा लका सम्बन्धी संयुक्त राष्ट्रसंघ महासन्धी १९८९ को धारा-१९, बाल संरक्षण सम्बन्धी वश्वव्यापी सद्धान्त, सोसेक नेपालसंग साझेदारी गर्ने नेपालमा कार्यरत सबै वकास साझेदार संस्थाको नीति समेतलाई आधार मान्दै बाल दुव्र्यवहार, बाल हिंसा र बालश्रम शोषणको वरुद्धमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । सोसेक नेपालका सदस्य र कर्मचारीको सम्पर्कमा आउने बालबा लकाहरुको सुरक्षा तथा संरक्षण गर्ने दायित्व प्रति संवेदन शल हुंदै आफ्ना हरेक कार्यक्रमहरुलाई अगाडी बढाउंदछ ।*

*बालबा लका भन्नाले यस नीतिले १८ वर्ष उमेर पूरा नगरेकालाई बुझाउंदछ ।*

सोसेक नेपालको बाल संरक्षण नीति अनुसार गर्न नहुने कुराहरुः

१. बालबा लकालाई पट्ने वा शारिरीक रूपमा आक्रमण वा शारिरीक दुव्र्यवहार गर्ने ।

२. १८ वर्ष भन्दा कम उमेरको कसैसंग पनि शारिरीक रूपमा परिपक्वता र सहमति भएपनि, कुनै पनि प्रकारको यौनजन्य कार्यमा संलग्न हुने वा यौन सम्पर्क राख्ने ।

३. बालबा लकासंग कुनै पनि प्रकारको शोषणजन्य वा दुव्र्यवहार ठहर हुन सक्ने सम्बन्धको वकास गर्ने

४. कुनै प्रकारको दुव्र्यवहार ठहर हुन सक्ने खालको क्रयाकलाप वा बच्चालाई दुव्र्यवहारको जो खममा पार्नसक्ने क्रयाकलाप गर्ने ।

५. अनुपयुक्त, नसुहाउने वा दुव्र्यवहार हुने प्रकारको भाषाको प्रयोग, सुझाब वा सल्लाह दिने ।

६. अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार गर्ने ।

७. वशेष परिस्थिति र सम्बन्धित लाइन मेनेजरको पूर्व स्वीकृति लएकोमा बाहेक कार्यक्रमसंग सम्बन्धित बालबा लकासंग घरमा वा कुनै पनि स्थानमा रात बिताउने ।

८. कार्यक्रमसंग सम्बन्धित बालबा लकासंग एउटै ओछ्यानमा सुत्ने ।

९. वशेष परिस्थिति र सम्बन्धित लाइन मेनेजरको पूर्व स्वीकृति लएकोमा बाहेक कार्यक्रमसंग सम्बन्धित बालबा लकासंग एउटै कोठामा सुत्ने ।

१०. बालबा लकाले आफै गर्न सक्ने व्यक्तिगत प्रकृतिका कामहरू गरिदिने ।

११. बालबा लकाको कुनैपनि गैरकानूनी, असुर क्षत वा दुव्र्यबहारजन्य कामलाई बढावा दिने वा त्यसमा भाग लने ।

१२. कुनै पनि क्रयाकलाप जसले बालबा लकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउने वा अन्य कुनै संवेगात्मक दुव्र्यवहार हुने खालका क्रयाकलाप गर्ने ।

१३. कुनै पनि बालबा लका प्रतिको वभेद, अनु चत फरक व्यवहार वा कसैलाई छुट्याउने गरी कुनै खास बालबा लकालाई बढी सहयोग गर्ने ।

१४. अरू भन्दा टाढा बालबा लकासंग अनावश्यक रूपमा धेरै समय बिताउने ।

१५. अनु चत व्यवहारको आरोप आउने जो खमपूर्ण परिस्थितिमा आफूलाई पार्ने ।

यो सू च आफैमा पूर्ण होइन । कर्मचारी, वकास साझेदारहरू र अन्य प्रतिनि धहरूले जहिले पनि त्यस्ता क्रयाकलाप वा व्यवहारबाट टाढा रहनुपर्छ जुन व्यवहार गलत रूपमा प्रति वम्बित हुने, निम्नस्तरको ठानिने वा सम्भा वत रूपमा दुव्र्यवहार जन्य प्रकारको हुन सक्छ ।

यसका साथै वयस्कहरुको आत्सम्मानको रक्षा गर्दै, घरेलु हिंसा, महिला हिंसा तथा छापउपडीप्रथालाई दुरुत्साहित गर्दै महिला हिंसा वरुद्धको अ भयानमा संलग्न हुने र मर्यादित महिनावारीलाई आत्मसाथ गर्दै महिलाहरुलाई घर तथा समुदायमा सम्मानका साथ बांच्न पाउने अ धकारको सुनिश्चितताामा सहभा ग हुनेछौं ।

मा थ उल्ले खत नीतिलाई पूर्णरुपमा पालना गर्नेछु ।

नामः

पदः

हस्ताक्षरः

# सोसेक नेपाल

## सुरक्षा नीति (Safeguarding Policy)२०२३

यस नीतिको उद्देश्य बालबालिका, जोखिममा रहेका महिला तथा संस्थासंग सम्बन्धित सम्पूर्ण व्यक्तिहरूको कल्याणको सुरक्षा र प्रवर्द्धन गर्न सोसेक नेपालको लागि दृष्टिकोण र प्रक्रियाहरू तय गर्नु हो। यो सोसेक नेपालको कामका सबै पक्षहरू र यसका लागि काम गर्ने सम्बन्धित व्यक्ति वा संस्थाहरूमा लागू हुन्छ, जसमा स्थायी र अस्थायी कर्मचारीहरू, सल्लाहकारहरू, कार्यसमितिका पदाधिकारीहरु, साझेदार संस्थाका कर्मचारी सदस्यहरू, सेवाग्राहीहरु, ठेकेदारहरू र विक्रेताहरू समावेश छन्।
सोसेक नेपालको सुरक्षातथा संरक्षण नीति अनुसार गर्न हुने र नहुने कुराहरु

१. उमेर, लिङ्ग, अपाङ्गता, जात, जातीयता, धर्म, वा यौन झुकावको पर्वाह नगरी सबै मानिसहरूलाई सम्मान र मर्यादाका साथ व्यवहार गर्नुपर्ने छ ।
२. सेवाग्राही तथा सहकर्मीहरुको लागि सुरक्षित, समावेशी र विभेदरहित वातावरण सिर्जना गर्न सहयोग गर्ने ।
३. सहमतिको कानुनी उमेरलाई ध्यान नदिई १८ वर्ष मुनिका कसैसँग वा कुनै पनिवयस्कसँग यौन गतिविधिमा संलग्न नहुने ।
४. यौन अनुग्रहको लागि पैसा, रोजगारी, सामान वा सेवाहरू साटासाट गर्न नहुने (यौन शोषण र दुर्व्यवहारको लागि शून्य सहनशीलता) ।
५. लाभग्राही वा समुदायका सदस्यहरूसँग व्यक्तिगत वा अनुचित सम्बन्ध राख्न नहुने।
६. कुनै पनि बालबालिका वा कमजोर व्यक्तिसँग निजी वा बन्द कोठामा एक्लै बस्न पाइने छैन ।
७. कुनै पनि सुरक्षा सम्बन्धी शंका वा घटना तुरुन्तै सम्बन्धित ***<u>सुरक्षा सम्पर्क व्यक्ति</u>*** लाई जानकारी दिने । सुरक्षा सम्बन्धि कुनै पनि मुद्दाको छानबिन वा अनुसन्धानमा पूर्ण रुपमा सहयोग पुऱ्याउने ।
८. सुरक्षा मामिलामा गोपनीयता कायम राख्नुपर्ने छ , तर आवश्यक तथा तोकिएको अधिकारीलाई अविलम्ब रिपोर्ट गर्ने ।
९. पीडितको जानकारी तथा अनुमति बिना सुरक्षा सम्बन्धि कुनै पनि मुद्दा सार्वजानिक गर्न नहुने तर कानुनी आवश्यकता भएमा गरेको विषय अपवाद हुन्छ।
१०. सेवाग्राही (विशेषगरी बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरू) को फोटो वा भिडियो खिच्नुभन्दा पहिला अनुमति लिने।
११. सामाजिक सञ्जाल वा अन्य माध्यमबाट आपत्तिजनक, अनुचित वा गोप्य सामग्री पोष्ट तथा सेयर नगर्ने ।
१२. आफ्नो पदको प्रयोग गरी आफ्नो मातहतका तथा सहकर्मी मित्रहरुलाई शारीरिक वा मानसिक रुपमा डर, त्रास, दवाव वा शोषण गर्न पाइने छैन । आफ्ना मातहतका सहकर्मीहरुलाई पक्षपात, नातावाद, अनैतिक कार्यहरू गर्न तथा ब्यतिगत स्वार्थको लागि काममा लगाउन पाउने छैन ।
१३. संस्थासंग सम्बन्धित तथा कार्यरत सहकार्मीहरुको ब्यतिगत सूचना तथा जानकारीको पूर्ण रुपमा गोपनीयता कायम गरि सम्बन्धित लाइन म्यानेजर वा तोकिएको अधिकारीलाई आवश्यक सही सूचना तथा जानकारी दिनु पर्ने छ ।
१४. संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको कार्यस्थल सफा, सुरक्षित र पहुँचयुक्त हुनु पर्नेछ साथै कर्मचारी हरुको मनोवल वृद्धि, क्षमता अभिवृद्धि, तनाव व्यवस्थापन र कार्यजीवन सन्तुलनमा जोड दिनुपर्छ।
१५. ड्युटी समयमा वा सेवाग्राहीसँगको सम्पर्कमा रहँदा मादक पदार्थ वा लागूपदार्थ सेवन गर्न पाइने छैन ।
१६. ईमानदारी, पारदर्शिता र उत्तरदायित्वका साथ काम गर्ने कुनै पनि किसिमको हितसङ्घर्ष (conflict of interest) बाट जोगिने र यदि त्यस्तो स्थिति भएमा सम्बन्धित अधिकारीलाई स्पष्ट जानकारी दिनुपर्ने छ ।
१७. सहकर्मीबीचको व्यवहार सम्मान, समानता, दुव्र्यवहार रहित हुनुपर्नेछ।
१८. कर्मचारीहरूलाई नियमित रूपमा संरक्षणसम्बन्धी तालिम र अभिमुखीकरण दिनुपर्छ ।
१९. आचारसंहिता उल्लंघन गरेमा अनुशासनात्मक कारवाही, जागिर निलम्बन तथा करार समाप्ति वा कानुनी कारवाही हुनेछ ।
२०. सबैले आचारसंहिता पढेर हस्ताक्षर गर्ने व्यवस्था। सोसेक नेपाल संग सम्बन्धि कर्मचारीभोलेन्टियर,परामर्शदाता, पदाधिकारीहरु सबैले यस सुरक्षा आचार संहिताको अनिवार्य पालन गर्नु पर्नेछ साथै सुरक्षा उलंघनलाई रोक्ने र सुरक्षा नीतिको कार्यन्वयनलाई प्रवर्द्धन गर्ने वातावरण सिर्जना र कायम राख्न योगदान गर्नुपर्ने छ ।

यसका साथै वयस्कहरुको आत्सम्मानको रक्षा गर्दै, मानव ओसार पसार वेचविखन घरेलु हिंसा, महिला हिंसा तथा छापउपडीप्रथालाई दुरुत्साहित गर्दै महिला हिंसा विरुद्धको अभियानमा संलग्न हुने र मर्यादित महिनावारीलाई आत्मसाथ गर्दै महिलाहरुलाई घर तथा समुदायमा सम्मानका साथ बांच्न पाउने अधिकारको सुनिश्चिततामा सहभागि हुनेछौं र म यी माथी उल्लेखि कुनै पनि कुरामा विगतमा संलग्न नभएको स्वघोषणा गर्दछु र आगामी दिनमा पनि परिपालन गर्ने प्रतिवद्धता व्यक्त गर्दै माथि उल्लेखित नीतिलाई पूर्णरुपमा पालना गर्नेछु ।

नाम..
हस्ताक्षर
ठेगाना
मितिः